
# महास्वप्न जातक



मूलपालि अनुवादक

आचार्य भिक्षु अमृतानन्द

Downloaded from http://www.dhamma.digital

# नेपाली भाषामा प्रकाशित पुस्तकहरू

१) बौद्ध दर्शन
२) पञ्चशील
३) शान्ति
४) बौद्ध प्रश्नोत्तर (प्र.सं.)
५) नारी हृदय
६) पटाचारा स्थविरा चरित
७) बुद्ध शासनको इतिहास, भाग-१
८) नेपाली ज्ञानमाला (प्र.सं.)
९) बुद्ध र उहाँको विचार
१०) बौद्ध ध्यान (प्रथमावृत्ति)
११) लक्ष्मी (प्र.सं.)
१२) उखानको कथा संग्रह (प्र.सं.)
१३) मिलिन्द प्रश्न, भाग-१ (प्र.सं.)
१४) बौद्ध जगतमा स्वास्थ्य सेवा (प्र.सं.)
१५) श्रमण नारद (प्र.सं.)
१६) वेस्सन्तर जातक (प्रथमावृत्ति)
१७) बौद्ध विश्वास, भाग-१
१८) बौद्ध विश्वास, भाग-२
१९) बौद्ध दर्पण (प्र.सं.)
२०) महा सतिपट्ठान विपस्सना अन्तर्मुखी ध्यान (प्र.सं.)
२१) सप्तरत्न धन
२२) महासीहनाद सुत्तं
२३) सफलताको रहस्य (प्रथमावृत्ति)
२४) मानव महामानव, पहिलो भाग (प्र.सं.)
२५) निरोगी (प्र.सं.)
२६) जातक कथा (प्र.सं.)
२७) प्रज्ञा चक्षु
२८) तथागत हृदय (प्र.सं.)
२९) सतिपट्ठान विपस्सना (प्र.सं.)
३०) महास्वप्न जातक (प्र.सं)
३१) परित्राण (तृतीय सं.)
३२) बुद्ध पूजा विधि र कथा संग्रह (प्र.सं.)
३३) मैले बुझेको बुद्ध-धर्म
३४) बुद्धको जीवनी र दर्शन
३५) बौद्ध प्रश्नोत्तर (द्वि.सं.)
३६) १. आमा बुवा र छोराछोरी
२. बुद्ध धर्ममा नारीको स्थान
३७) स्नेही छोरी (प्र.सं.)
३८) मति राम्रो भए गति राम्रो हुन्छ (प्र.सं.)
३९) बुद्ध र बुद्धपछि (प्र.सं.)
४०) १. बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय
२. बुद्धको जन्मभूमि नेपालमा बुद्ध धर्म प्रति असहिष्णुता (द्वि.सं.)
४१) अनागारिका धम्मवती (प्र.सं.)
४२) बौद्ध-ज्ञान
४३) बुद्ध पूजा विधि र कथा संग्रह (द्वि.सं.)
४४) मिलिन्द प्रश्न, भाग-२
४५) मानव स्वभाव
४६) महास्वप्न जातक (द्वि.सं)
४७) संक्षिप्त बुद्ध जीवनी (पञ्चमावृत्ति)
४८) श्रमण नारद (द्वि.सं.)
४९) श्रमण नारद (तृ.सं.)
५०) मिलिन्द प्रश्न, भाग-१ (द्वि.सं.)
५१) धर्म चिन्तन
५२) बौद्ध ध्यान (द्वि.सं.)
५३) बुद्धको अन्तिम यात्रा, प्रथम भाग (द्वि.सं.)
५४) बौद्ध विश्वास, भाग-३ (प्र.सं)
५५) लक्ष्मी (द्वि.सं.)
५६) सम्यक शिक्षा
५७) बुद्ध पूजा विधि र कथा संग्रह (तृ.सं.)
५८) परित्राण (पाँचौं सं.)
५९) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष
६०) बौद्ध दर्पण (द्वि.सं.)
६१) आर्य शील र आर्य मार्ग (प्र.सं.)
६२) बुद्ध पूजा विधि, कथा संग्रह र परित्राण (चौथो सं.)
६३) धम्मपद (चौ.सं.)
६४) बुद्ध पूजा विधि र परित्राण (प्र.सं.)
६५) सम्यक शिक्षा भाग-३
६६) बुद्ध पूजा विधि (पाँचौं सं.)
६७) बुद्ध पूजा विधि र कथा संग्रह (छैठौं सं.)
६८) बुद्ध पूजा विधि र कथा संग्रह (सातौं सं.)
६९) बुद्ध पूजा विधि र कथा संग्रह (आठौं सं.)
७०) लक्ष्मी (तृ.सं.)
७१) बुद्धको शिक्षात्मक उपदेश (प्र.सं.)
७२) बुद्ध पूजा विधि (नवौं सं.)
७३) क्षान्ति र मैत्री (प्र. सं.)
७४) शान्ति मार्ग
७५) पहिलो गुरु को हो ? (प्र.सं.)
७६) दान पारमिता
७७) बुद्धको संस्कृति र महत्व
७८) बोध कथा र बौद्ध चरित्र
७९) मिलिन्द प्रश्न, भाग-१ (तृ.सं)
८०) संक्षिप्त बुद्ध वंश, भाग-१ (दो.सं.)
८१) चिरं तिट्ठतु सद्धम्मो
८२) संक्षिप्त बुद्ध वंश, भाग-२ (द्वि.सं.)
८३) मिलिन्द प्रश्न, भाग-२ (द्वि.सं.)
८४) महास्वप्न जातक (दो.सं.)
८५) बुद्ध पूजा विधि र कथा संग्रह (तृ.सं.)
८६) चित्त शुद्ध भए जीवन उज्जल हुने छ (प्र.सं.)
८७) प्रौढ बौद्ध कथा र लक्ष्मी (प्र.सं.)
८८) नक्कली देवता (प्र.सं.)
८९) आमा बुवाको सेवा
९०) बुद्धको मूल उपदेश (प्र.सं.)
९१) शाक्यमुनि बुद्ध
९२) बौद्ध दर्पण (ते.सं.)
९३) मणिचूड जातक (द्वि.सं.)
९४) मानिसलाई असल बनाउने बुद्ध शिक्षा
९५) क्षान्ति र मैत्री (द्वि.सं.)
९६) बुद्ध शासनको इतिहास भाग-१ (द्वि.सं.)
९७) मति राम्रो भए गति राम्रो हुन्छ उखानको कथा संग्रह (तृ.सं.)
९८) महापरित्राण (पालिभाषा) (चौ.सं.)
९९) मातापिताको गुण र बुद्धको सहीबाटो
१००) बौद्ध प्रश्नोत्तर (तृ.सं.)
१०१) संक्षिप्त बुद्ध जीवनी
१०२) बाल उपयोगी संक्षिप्त बुद्ध जीवनी (द्वि.सं.)
१०३) बुद्धको चमत्कार
१०४) बुद्ध पूजा विधि र कथा संग्रह
१०५) मानव महामानव, दोश्रो भाग (प्र.सं.)
१०६) सल्लेख सूत्र (प.सं.)
१०७) बुद्ध र बुद्धपछि (द्वि.सं.)
१०८) सच्च विभङ्ग सुत्त (प.सं.)
१०९) महानारद जातक (प्र.सं.)
११०) कर्म [illegible]
१११) प्रौढ बौद्ध कथा र लक्ष्मी (द्वि.सं.)
११२) बौद्ध जगतमा स्वास्थ्य सेवा (द्वि.सं.)
११३) परित्राण मूल पालि तथा नेपाली अनुवाद (सातौं सं.)
११४) बुद्ध पूजा विधि र कथा संग्रह
११५) त्रिरत्न वन्दना र परित्राण पाठ (मूल पालि तथा नेपाली अर्थ निदान)
११६) धर्म उपदेश, भाग-२
११७) श्रमण नारद
११८) सीवली
११९) बौद्ध दर्पण (चौ.सं.)
१२०) बुद्ध पूजा विधि
१२१) आदर्श बौद्ध महिलाहरू
१२२) दश बन्धन (दश संयोजन) (प्र.सं)
१२३) महासमय सूत्र
१२४) भगवान बुद्धको धर्मपुर (प्र.सं.)
१२५) च्याइथीयुको इतिहास
१२६) भगवान बुद्धको आठ विजयहरू र बाह्र कर्म विपाक (प्र.सं.)
१२७) बुद्ध पूजा विधि
१२८) संक्षिप्त बुद्ध वंश(तेस्रो भाग) (प्र.सं.)
१२९) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारिय कक्षाको विवरण
१३०) आधारभूत बुद्ध शिक्षा
१३१) नेपालका थेरवाद बुद्ध धर्म चुनौती र उपलब्धी
१३२) त्रिरत्न वन्दना र परित्राण पाठ (मूल पालि तथा नेपाली अर्थ र निदान) र कथा
१३३) स्नेही छोरी (दोश्रो संस्करण)
१३४) बुद्धपूजा र परित्राण पाठ
१३५) त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह (मूल पालि तथा नेपाली अर्थ र निदान)
१३६) त्रिरत्न वन्दना र परित्राण पाठ (मूल पालि तथा नेपाली अर्थ)
१३७) बुद्धशिक्षा
१३८) आदर्श बौद्ध महिलाहरू (द्वि.सं.)
१३९) तीन सुत्र समूह
१४०) मानव स्वभाव
१४१) महासतिपट्ठान सुत्त (मूल पालि र नेपाली भावार्थसहित)
१४२) त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह (मूल पालि तथा नेपाली अर्थ र निदान) (दोश्रो संस्करण)
१४३) त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह (मूल पालि तथा नेपाली अर्थ र निदान) (ते. सं.)
१४४) गृही विनय (पाँचौ संस्करण)
१४५) संक्षिप्त बुद्ध वंश (प्रथम, दोश्रो र तेश्रो भाग)
१४६) संक्षिप्त बुद्ध-जीवनी
१४७) अभिधर्म पालि, पाँचौं संस्करण
१४८) अभिधर्म पालि, छैठौं संस्करण
१४९) त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह (मूल पालि तथा नेपाली अर्थ) ते. संस्करण
१५०) प्रौढ बौद्ध कक्षा
१५१) अभिधम्म (श्रद्धेय धम्मवती गुरुमांको धम्मदेशनामा आधारित)
१५२) बौद्ध दर्पण, पाँचौं संस्करण
१५३) मति राम्रो भए गति राम्रो हुन्छ (दो.सं.)
१५४) वेस्सन्तर जातक (दो.सं.)
१५५) अभिधर्म पालि (संक्षिप्त पालि र परिचय)
१५६) त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह (मूल पालि तथा नेपाली अर्थ) चौं. संस्करण
१५७) गृही विनय (छै.सं.)
१५८) [illegible] जातक (ते.सं.) *हजुरको हातमा*

Downloaded from http://www.dhamma.digital

# महास्वप्न जातक

मूलपालि अनुवादक

**आचार्य भिक्षु अमृतानन्द**

Dhamma.Digital

नेपाली अनुवादिका

**अ. सरणशिला**

(सकुन्तला)

Downloaded from http://www.dhamma.digital

प्रकाशक :
**धर्मकीर्ति प्रकाशन**
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि**
**धर्मकीर्ति विहार, श्रीघः, नःघः त्वाः**
फोनः ५३५९४६६

© सर्वाधिकार प्रकाशकमा

फोटो सङ्कलक :
**भिक्षुणी धम्मवती**

आर्थिक दाताहरू :
**अनुपमा गुरुमां**

तेस्रो संस्करण : २००० प्रति

बुद्ध सम्वत् २५६८
नेपाल सम्वत् ११४४
बिक्रम सम्वत् २०८१
ईस्वी सम्वत् २०२४

मुद्रक :
**न्यू नेपाल प्रेस,** १४२ मनकामना मार्ग, नागपोखरी, नक्साल, काठमाडौं
फोन : ४५३३९२९, ४५३४८५०
e-mail: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

यस पुस्तक "**महास्वप्न जातक**" धर्मकीर्ति प्रकाशनको तेस्रो संस्करणको रूपमा प्रकाशन भएको छ। हाल यस पुस्तकलाई अनुपमा प्रव्रजित भएको ५० वर्ष पुगेको उपलक्ष्यमा अनुपमा प्रमुख उनका सपरिवारले धर्मदानको रूपमा प्रकाशन गरेको हो। पुस्तक धर्मदान गर्ने दाताहरू अनुपमा सहित उनका सपरिवारको आयु आरोग्य एवं निरोगी कामना गर्दछु।

पुस्तक दान गर्नुहुने दाता परिवारबाट बुद्ध शिक्षा अभ्यास गर्दै निर्वाण हेतु प्राप्त गर्न सकुन् भन्ने पनि कामना गर्दछु।

पुस्तक समयमा नै प्रकाशन गर्नको लागि आवश्यक सहयोग पुऱ्याउनु भएको‌मा न्यू नेपाल प्रेसलाई धन्यवाद ज्ञापन गर्दछौं। भवतु सब्ब मंगलम्।

**भिक्षुणी धम्मवती**
*शासन धज धम्माचरिय*
*अग्गमहागन्थवाचक पण्डित*
**प्रमुख धर्मकीर्ति विहार**
श्रीघः नःघः
काठमाडौं, नेपाल।

*वि.सं. २०८१ बैशाख*

Downloaded from http://www.dhamma.digital

# धर्मदान

"शासनधज धम्माचरिय" "अग्ग महागन्थवाचक पण्डित" र "भाषा थुवाः" पदबाट विभूषित हुनुभएका अनन्त गुणवान् मेरा गुरुवर धम्मवती गुरुमांले नेपालभाषा, नेपाली भाषा र अंग्रेजी भाषा गरी तीन भाषाहरूबाट सयौं पुस्तकहरू प्रकाशन गर्नुभई बुद्ध शिक्षा प्रचार गर्नुभएको छ ।

मैले प्रव्रजित जीवन बिताएको पनि पचास वर्ष पूरा भइसकेको छ । यही उपलक्ष्यमा धम्मवती गुरुमांद्वारा लिखित बुद्ध शिक्षा समावेश भएको पुस्तक प्रकाशन गरी धर्मदान गर्ने इच्छा उहाँ सामू व्यक्त गरेकी थिएँ । मेरो यस विचारलाई बुझी उहाँले आजभोलीको सन्दर्भलाई सुहाउँदो पुस्तक "**महास्वप्न जातक**" प्रकाशन गर्नु भनी सल्लाह दिनुभयो ।

श्रावस्तीका कोशल नरेशलाई भविष्यमा यस संसारमा मानिसहरूको मनोवृत्ति र वातावरण कसरी परिवर्तन हुँदै जानेछन् भनी बुझाउने तरिकाले १६ वटा स्वप्नहरू निमित्तको रूपमा देखाइएको रहेछ । यी सपनाहरूको अर्थ भगवान् बुद्धले बताउनु भएको विषयलाई "**महास्वप्न जातक**"मा प्रप्ट उल्लेख गरिएको छ । त्यसैले यस पुस्तक

Downloaded from http://www.dhamma.digital

अध्ययन गरी यसबाट ज्ञान प्राप्त गरी मानिसहरूले आ-आफ्नो खराब आचरणहरू हटाउन सकोस्। परिवार, समाज र देशलाई हितोपकार हुने कार्य गर्न सकोस् भन्ने कामना गर्दछु। यस ज्ञानबर्द्धक पुस्तक धर्मदान गर्न पाएकोमा म सहित मेरा परिवार ज्यादै खुशी छौं।

पुस्तक प्रकाशनको लागि प्रुफ हेरी आवश्यक सहयोग गर्नुहुने धर्मकीर्ति पत्रिकाका सम्पादक वीर्यवती गुरुमांलाई साधुवाद व्यक्त गर्दछु। पुस्तक समयमा नै प्रकाशन गर्नको लागि आवश्यक कार्य गर्नुभएका न्यू नेपाल प्रेसलाई साधुवाद व्यक्त गर्न चाहन्छु।

भवतु सब्ब मंगलम्।

**अनुपमा गुरुमां**

**प्रमुख जयमंगल विहार**

पाटन, सुन्धारा, चंकिटोल।

वि.सं. २०८१ बैशाख


ल्हुतिपुन्हि

Downloaded from http://www.dhamma.digital



अनुपमा गुरुमां

Downloaded from http://www.dhamma.digital



१)    सपना देखेको दृष्य- चारवटा काला साँढेहरू चारैदिशाबाट आई एक आपसमा जुध्न खोजे । तर नजुधीकन चारै दिशातर्फ फर्केर गएको दृष्य



अर्थ- कलियुगमा मानिसहरूमा न्याय धर्म हराएर जानेछन् । फलस्वरुप वर्षातकालमा चारै दिशातर्फबाट मेघ गर्जी पानी पर्ला जस्तो हुनेछ । तर पानी भने पर्ने छैन ।


Downloaded from http://www.dhamma.digital



२)	सपना देखेको दृष्य- ससाना रूख र विरुवाहरूमा फल फलिरहेको दृष्य ।



अर्थ- कलियुगमा वैंश नपुगेको अवस्थामा मानिसहरूमा राग तृष्णा बढी केटाकेटी छँदै बच्चा जन्माउन थाल्नेछन् ।


Downloaded from http://www.dhamma.digital



३) सपना देखेको दृश्य- गाईले बाछ्रीहरूको दूध चुसिरहेको दृश्य ।



अर्थ- कलियुगमा आमा बुबासँग आफ्नो पुरानो धन अभाव भएर जानेछन् । फलस्वरूप आफ्ना छोराछोरीको चाकडी गर्दै उनीहरूको कमाई खाएर जीविकोपार्जन गर्नुपर्ने हुन्छ ।

Downloaded from http://www.dhamma.digital



४) सपना देखेको दृश्य- बलिया साँढेहरूलाई एकातिर पन्छाई ससाना निर्बलिया गोरुहरूलाई गऱ्हौं भारी सहितका गाडाहरू तान्न लगाईरहेको दृश्य ।




अर्थ- कलियुगमा अनुभव, शैक्षिक योग्यता पुगेका र जान्ने सुन्ने अनुभवी व्यक्तिहरू हुँदा हुँदै नजानेका, अनुभवहीन, अशिक्षित व्यक्तिहरूले राज्य चलाउने छन् ।


Downloaded from http://www.dhamma.digital



५) सपना देखेको दृश्य- एउटा घोडाको दुईवटा खाने मुख । ती दुबै खाने मुखहरूबाट त्यस घोडाले दाना चपाइरहेको दृश्य ।




अर्थ- कलियुगमा न्यायाधिशहरूसँग न्याय धर्म हुँदैनन् । त्यसैले उनीहरूले मुद्दा छिन्ने बेलामा वादी प्रतिवादी दुबै तर्फबाट घूस खाइरहेका हुन्छन् ।

Downloaded from http://www.dhamma.digital



६)　सपना देखेको दृश्य- एउटा स्यालसलाई अमूल्य सुनको भाँडोमा पिसाब गराइएको दृश्य ।



अर्थ- कलियुगमा नीच कुलका व्यक्तिहरूलाई उच्च कुलका चेलीबेटी विवाह गराई उनीहरूको चाकडी गर्ने चलन चल्नेछ ।


Downloaded from http://www.dhamma.digital



७) सपना देखेको दृश्य- एउटा व्यक्तिले डोरी बाटी रह्यो । तर बाटिएको त्यस डोरी एउटा स्यालले चपाइरहेको दृश्य ।



अर्थ- कलियुगमा धेरैजसो महिला वर्गहरूको चरित्र भ्रष्ट हुनेछन् । उनीहरू आफ्ना श्रीमान्को आँखा छली श्रीमान्ले कमाएको धन खर्च गरी अर्को केटासँग रसरंग गर्नेतर्फ लाग्नेछन् ।


Downloaded from http://www.dhamma.digital



८)  सपना देखेको दृश्य- मानिसहरूले पानी नभएको खाली भाँडामा पानी नखनाई केवल पानी भरिसकेको भाँडामा पोख्ने गरी पानी खनाइरहेको दृश्य ।



अर्थ- पैशावाल व्यक्तिहरूले आफूलाई केही लाभ हुने कार्य गरिदेला कि भन्ने लोभी भावना राख्दै कलियुगका मानिसहरूले आफूले खाई नखाई कमाईराखेको धन ती पैशावाल धनाढ्य व्यक्तिहरूलाई पोषिराखेका हुन्छन् । तर गरीब खान नपाएका व्यक्तिहरूलाई भने केही दिइराखेको हुँदैन ।


Downloaded from http://www.dhamma.digital



९)　सपना देखेको दृश्य- ठूलो पोखरीको बीचको पानी धमिलो र फोहर भइराखेको । तर त्यस पोखरीको छेउ छेउमा भने निर्मल र स्वच्छ पानी रहेको दृश्य ।




अर्थ- कलियुगमा धेरैजसो बदमास र लोभी व्यक्तिहरूले राज्य चलाउने छन् । उनीहरूले अनेक निहुँ राखी कर उठाउने छन् । यसले गर्दा मानिसहरू शहरमा जीवन यापन गर्न नसकी जंगल तर्फ लाग्नेछन् ।


Downloaded from http://www.dhamma.digital



१०) सपना देखेको दृश्य- एउटा महिलाले भात पकाइरहेकी हुन्छिन् । उनीले पकाएको एउटै भाँडोको भात तीन थरीका हुन्छ । (क) गीलो भात (ख) आदि काँचा आदि पाकेको भात (ग) ठिक्कको अर्थात् राम्ररी पाकेको भात ।



अर्थ- कलियुगमा वर्षात्काल असार महिनामा नै सबै ठाउँमा एकनाशको पानी पर्दैन । कहिं ज्यादै पानी पर्ने हुन्छ भने कहीं पटक्कै पानी पर्नेछैन । फेरि कहीं भने ठीक मात्रामा पानी परिरहेको हुनेछ ।


Downloaded from http://www.dhamma.digital




११) सपना देखेको दृश्य- अमूल्य भाँडो दिई मूल्यहीन सिंके अथवा गुन्द्रुक साटेर लिएको दृश्य ।



अर्थ- कलियुगमा मानिसहरू बुद्धको अमूल्य उपदेश साटी मूल्यहीन धनको लोभ गर्नेछन् ।


Downloaded from http://www.dhamma.digital




१२)  सपना देखेको दृश्य- लौकाको फुस्रो टुम्बा पानीमा चुर्लुम्म डुबेका दृश्य ।



अर्थ- कलियुगका मानिसहरूले सत्पुरुषहरूको सार ज्ञानलाई मतलबहीन ठान्ने गर्छन् ।


Downloaded from http://www.dhamma.digital



१३)  सपना देखेको दृश्य- गऱ्हौं ठूलो ढुंगा पानीमा तैरिरहेको दृश्य ।



अर्थ- कलियुगमा धेरै जसो मानिसहरू जीवनमा सारहीन तत्वहरूलाई सार र महत्वपूर्ण ठानिरहेका हुन्छन् ।

Downloaded from http://www.dhamma.digital



१४) सपना देखेको दृश्य- ठूलो गौमनलाई भ्यागुतोले निलेको दृश्य ।



अर्थ- कलियुगमा श्रीमान्ले श्रीमतीलाई बसमा राख्न नसकी श्रीमतीले श्रीमान्लाई आफ्नो बसमा वा काबुमा लिइराखेको हुन्छ ।


Downloaded from http://www.dhamma.digital



१५) सपना देखेको दृश्य- अलक्षण कागलाई लक्षण र गुणले सम्पन्न हंसराजहरूले चाकडी गरिरहेको दृश्य ।



अर्थ- कलियुगमा सत्पुरुष धर्मात्माहरूले अधर्मी असत्पुरुषहरूको चाकडी गर्नुपर्ने हुन्छ ।


Downloaded from http://www.dhamma.digital



१६) सपना देखेको दृश्य- बाघलाई बाख्रीले लखेटीरहेको दृश्य ।



अर्थ- कलियुगमा दुष्ट व्यक्तिहरूले असल र निर्दोषी व्यक्तिहरूलाई लखेटी लखेटी दुःख दिइरहेका हुन्छन् ।


Downloaded from http://www.dhamma.digital

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।"
(उहाँ भगवान् अर्हत् सम्यक्सम्बुद्धलाई नमस्कार ।)

# महास्वप्न जातक

## वर्तमानको कुरा

एकदिन कोशल नरेशले बेलुकीको अन्तिम प्रहरको सपनामा १६ वटा कुराहरू देखे । राती ब्युँझेदेखिनै "यसको फल के हुने हो ?" भन्ने डरले ननिदाइकनै रात काटे । भोलिपल्ट बिहान दिनहुँ झैं पुरोहित ब्राह्मणहरू आएर नरेशलाई आरामसंग सुत्नुभयो होइन, महाराज ? भनी सोधे ।

नरेशले भने- "अहँ त्यसो पटक्कै भएन । राती मैले सपनामा १६ कुराहरू देखें । त्यस सपनाले तर्सिएर रात जागराममा काट्नुपर्‍यो । के तपाईंहरूले त्यस सपनाको फल के हुन्छ' भन्न सक्नुहुन्छ ?

ब्राह्मणहरूले भने- "सपनामा के के देख्नुभयो, सुनाउनु होस् । हामी त्यसको फल जान्ने कोशिस गरौंला ।"

१. जा. अ. क. भाग-१, पृ. २९३, नं. ७७


Downloaded from http://www.dhamma.digital

राजाले सपनाको सारा वृत्तान्त सुनाए । राजाको कुरा सुनिसकेर ब्राह्मणहरूले आ-आफ्ना हात मले ।

राजा– "आचार्यहरू ! किन, के भयो, सपनाको फल खराब छ कि कसो ?"

ब्राह्मणहरू- "हो महाराज, त्यस सपनाको फल अवश्य नै भयङ्कर हुनेछ । (कक्खला महाराजा सुपिना) !"

राजा- "फल के हुन्छ, आचार्यहरू ?"

ब्राह्मणहरू- "महाराज ! राज्य-भय, प्राण-भय तथा सम्पत्ति-भय (रज्जन्तरायो, जीविन्तरायो, भोगन्तरायो) यी तीन भयहरूमध्ये एउटा भय नआई छोड्दैन ।"

राजा (त्रसित भएर)– "आचार्यहरू ! त्यसो भए यसको केही प्रतिकार गर्ने उपाय छैन त ?"

ब्राह्मणहरू– "महाराज ! प्रतिकारको बाटो मुश्किल अवश्यै छ तैपनि महाराजको लागि हामीहरू उपाय खोजौंला । यति पनि गर्न नसके हामीहरू तपाइँको पुरोहित भई राख्नको के प्रयोजन भयो ?"

राजा– "त्यसोभए अब के गर्नु पर्ला ?"

ब्राह्मणहरू– "सर्व चतुर्क भन्ने यज्ञ गर्नुपर्दछ ।

राजा– "यस यज्ञको लागि के के कुराको आवश्यकता पर्दछ भन्नुहोस् । मेरो प्राण तपाइँहरूको हातमा छ । छिटै नै यस उपायद्वारा मेरो प्राण रक्षा गरिदिनु होस् ।"


Downloaded from http://www.dhamma.digital

"धेरै धन लाभ हुने भो, धेरै भोजन प्राप्त हुने भो" (**बहु धनं लभिस्साम, खज्जभोज आहरापेस्सामा'ति**) यस्तो विचार लिई ब्राह्मणहरू "हुन्छ महाराज ! केही धन्दा लिनु पर्दैन, हामीहरू तपाइँको प्राण बचाइ दिनेछौं ।" भन्दै राजदरवारबाट निस्की नगरबाट बाहिर एउटा चौरमा ठूलो यज्ञशाला बनाए । त्यहाँ उनीहरूले धेरै दूध-खाने पशुपंक्षीहरू जम्मा गरे । राजदरवारमा पुरोहित ब्राह्मणहरू उतिकै आउने जाने गरिराखेका देखेर कोशल नरेशकी अग्र महारानी मल्लिकादेवीले महाराजलाई "महाराज ! किन होला आज पुरोहित ब्राह्मणहरू यहाँ आउँदै-जाँदै गरेका ?" भनी सोधिन् ।

राजा– "तिमीलाई पो सञ्चो छ,, आफूमाथि भने कस्तो बिपत्ति आइपरेको छ ।"

महारानी– "कुनै कुराको आज्ञा गर्नु भएको हो महाराज ?

महाराज– "मैले सपनामा १६ वटा कुराहरू देखे । तिनीहरूका बारेमा राजपुरोहितहरूलाई सुनाउँदा उहाँहरूले तीन बिघ्नमध्ये एउटा न एउटा बिघ्न अवश्यै हुन्छ भने । अहिले वहाँहरू त्यस बिघ्नलाई पन्छाउनको लागि महायज्ञको तयारीमा लाग्नुभएका छन् । त्यसैको सिलसिलामा उहाँहरू दरवारमा आउनु भएका हुन् ।


Downloaded from http://www.dhamma.digital

महारानी– "महाराज के तपाईंले देव सहित मनुष्य लोकमा अग्र ब्राह्मण भइराख्नेसित त्यस सपनाबारे सोधिसक्नु भयो ? (किं पन ते महाराजा, सदेवेक लोके अग्गब्राह्मणे सुपिनकम्मं पुच्छितोति ?)

महाराज– "भद्रे ! यस देव सहित मनुष्य लोकमा अग्र ब्राह्मण भन्ने को ? (कतरोपनेस भद्दे सदेवके लोके अग्ग ब्राह्मणो ?)

महारानी– "के तपाईले देवलोक सहित मनुष्य लोकमा अग्र पुद्गल विशुद्ध निक्लेशको सर्वज्ञ महाब्राह्मणलाई चिन्नु हुन्न ? उहाँले मात्र सपनाको दुष्परिणाम राम्ररी बताई दिन सक्ने सिवाय अरू कसले बताउलान् ? ! जानुहोस् उहाँकहाँ जानुभई सपनाको कुरा भनी त्यसको फल जानि लिनुहोस् ।"

"हुन्छ भनी कोशल नरेश भगवान्कहाँ जेतवन विहारमा गई वन्दना गरेर एकातिर बसे ।"

समन्तभद्रले राजालाई "किन महाराज, आज त सबेरै पाल्नुभयो नि ?" भनी सोध्नुभयो ।

राजाले भगवान्लाई- "केही दिन अघि मैले सपनामा १६ कुराहरू देखेको थिएँ । यसको परिणाम के होला भनी राजपुरोहितहरूसंग बुझ्दा उहाँहरूले "ठूलो भय आउनेछ ।"


Downloaded from http://www.dhamma.digital

भने । अहिले राजपुरोहितहरू त्यस बिघ्न बाधालाई पन्छाउन महायज्ञको तयारीमा छन् । प्राणीहरू मरण-भयले त्रसित छन् । देव सहित मनुष्य लोकमा अग्र हुनुहुने ! भूत भविष्य र वर्तमानका कुराहरू तपाइँको ज्ञानचक्षुले नदेख्ने केही पनि होओइनन् ! कृपया मेरो यस सपनाको परिणाम के हुन्छ भन्ने बारेमा आज्ञा गर्नु भएमा अज्ञानीको कल्याण हुनेछ ।"

समन्तभद्र– "त्यसोभए महाराज, तपाइँले सपनामा देखेका कुराहरू सुनाउनु होस् ।"

राजाले विस्तृतरुपले त्यस सपनाको कुरा सुनाए । भगवान्ले क्रमैसित तिनीहरूका परिणामहरू 'भविष्यमा यसो यसो हुनेछ' भनी यसरी आज्ञा गर्नुभयो–

"महाराज ! तपाइँले देख्नुभएका १६ सपनाहरूमध्ये एउटैले पनि तपाइँमाथि बिघ्न बाधा ल्याउने छैन । यो पूरै भविष्य सूचक हो । राजपुरोहितहरूले साँच्चिकै सत्य धर्ममा प्रतिष्ठित भएर अथवा सत्यको आग्रह गरी तपाइँउपर स्नेह राखी सपनाको फल सुनाएको होइन, बरु धेरै धन लाभ हुने स्वार्थको आँखाले र जीवनावृत्तिको लागि मात्र त्यसो भनेका हुन् (ब्राह्मणा पन न धम्मेसु धम्मताये तयि सिनेहेन कथयिंसु बहुँ धन लभिस्सामाति आमिस चक्खुताय जीवितवुत्तिं निस्साय कथयिंसु) । महाराज ! यस्तो सपना तपाइँले मात्र देख्नु भएको होइनन्, पहिलेका राजाहरूले पनि यस्तै सपना देखिसकेका


Downloaded from http://www.dhamma.digital

छन् । त्यस समयमा पनि ब्राह्मणहरूले सपनाको फल यज्ञकै जिम्मामा लगाए । तर कोही पण्डितको कुरा सुनी बोधिसत्वसित सपनाको कुरा सम्बन्धि सोध्दा बोधिसत्वले मैले जस्तै भविष्यको सम्बन्धी व्याख्या गरिदिए ।" त्यसपछि भगवान्ले निम्न अतीतको कुरा सुनाउनु भयो ।

Dhamma.Digital


Downloaded from http://www.dhamma.digital

# अतितको कुरा

अतीतकालमा वाराणसी राज्यको शासनकालमा बोधिसत्व उदिच्च ब्राह्मण कुलमा जन्मनु भयो । ठूलो हुँदा वहाँ ऋषि प्रव्रजित हुनुभयो । ध्यानद्वारा अभिज्ञा र समापत्ति लाभ गरेर हिमालयतिर ध्यानकृडा गर्नुभयो ।

एकदिन वाराणसीको ब्रह्मदत्त राजाले रातको अन्तिम प्रहरमा १६ वटा सपनाहरू देखे । यस सपनाले राजा तर्सिए । ब्युँझेपछि फेरि निदाउनै नसकी “त्यस सपनाको फल के हुने हो ? भन्ने तर्कना गर्दै बाँकी रात बिताए । बिहानीपख पुरोहित ब्राह्मणहरू आई “महाराज ! पुखपूर्वक सुत्नुभयो होइन ?” भनी सोधे ।

राजा- “आचार्यहरू ! के सुखपूर्वक सुत्न पाइन्थ्यो र ? । आज राती मैले १६ वटा ठूला-ठूला सपनाहरू देखें । त्यस पश्चात् मेरो मनमा त्रास उत्पन्न भएको छ । यसको के फल हुने होला ? यसबारे तपाइँहरू विस्तृतरूले सुनाउनु होस् ।”

“महाराज ! सपनाका कुराहरू पनि भन्नुहोस् त्यसपछि हामी त्यसबारे जे भन्नुपर्छ भनौंला ।”

पुरोहितहरूको कुरा सुनेर राजाले सपनामा देखेका


Downloaded from http://www.dhamma.digital

कुरा सबै सुनाइदिए । राजाको कुरा सुनेर पुरोहितहरूले हात मले ।

"आचार्यहरू ! किन हात मलिरहेकाछौ ? यस सपनाले केही बिघ्न-बाधाको संकेत दिएको छ कि क्या हो ?

"महाराज ! सपना त साह्रै अशुभ छन् । राज्य-हानि, जीवन-हानि र धन हानिमध्ये एउटा हानि हुने अवश्यम्भावी छ ।"

"आचार्यहरू ! यसबाट बच्ने उपाय केही छैन ?"

"महाराज ! हुन त यस सपनाको फल अति कडा छ तथापि हजुरको लागि हामी केही उपाय अवश्य गरौंला । हजुरको लागि यति काम पनि नआए हाम्रो शास्त्राध्ययनको के रह्यो र ? !"

"त्यसोभए के गर्नुपर्ला ?"

"महाराज ! चार वस्तुहरूको यज्ञ गर्नुपर्‍यो ।"

"हुन्छ आचार्यहरू ! गर्नुहोस् । मेरो प्राण तपाइँहरूको हातमा छ-जसरी भएपनि मलाई यस भयबाट मुक्ति दिलाउनुस् ।"

"हामीलाई धन पनि हुन्छ, राजा पनि खुशी हुने छन्, खाने, लाउने पनि धेरै हुनेछ ।" भन्ने सोची ब्राह्मणहरूले, महाराज ! चिन्तित हुनु आवश्यक छैन ।" भनी राजालाई आश्वासन दिई उनीहरू दरवारबाट बाहिर निस्के । नगर


Downloaded from http://www.dhamma.digital

बाहिर उनीहरूले एउटा यज्ञकुण्ड बनाए र धेरै पशुपंक्षीहरू ल्याएर यज्ञकुण्डको थाममा बाँधिराखे । 'यो-यो चाहिन्छ भन्दै ब्राह्मणहरू दरवारमा धेरै पटक आए ।

तिनीहरूमध्ये एउटा राजपुरोहितको माणवक नामक शिष्य एकजना रहेछ । ऊ असाध्यै विद्वान तथा सत्यवादी, धर्मवादी, स्पष्टवादी थिए । उनले आफ्नो गुरुसँग यसरी सोधे-

"भो गुरु ! तपाइँले मलाई तीनैवटा वेदहरूको ज्ञान दिनुभयो । तिनीहरूमा मैले कतैपनि प्राणी हिंसा गरेर कसैलाई भलो हुनेछ, भनिराखेको भेट्टाइन । तर हजुरहरूले भने राजालाई 'यज्ञ गर्नुपर्छ' भन्नुभयो, यो किन होला ? (आचरिय ! तुम्हेहि मयंतयो वेदे उगण्हापिता, ननु तेसं एकं मारेत्वा एकस्स सोत्थि कामस्स करणं नाम नत्थीति ?"

"हे तात यसो गरायो भनेपो हामीसँग पनि धन हुनेछ, खाने, लाउने पनि धेरै हुनेछ । तिमी त राजाको ढुकुटीको रक्षक जस्तो देखिन्छ । ("तात ! इमिना उपायेन अम्हाकं बहुं धनं उप्पज्जिस्सति, त्वं पन रञ्ञो धनं रक्खितु कामो मञ्ञसी ति ।"

"भो गुरू, त्यसो हो भने, त्यस कामबाट म प्रसन्न छुइँन तपाइँले हेरेर मुनासिब गर्नुहोला । तपाइँकहाँ


Downloaded from http://www.dhamma.digital

बसेर मलाई केही प्रयोजन छैन।" भनी माणवक डुल्दै राज्योद्यान पुगे।

त्यसै दिनमा बोधिसत्त्व पनि, 'आज म नगरतर्फ गएँ भने बन्धनमा परिराखेका प्राणीहरूलाई उद्धार गर्न सकिन्छ।' भन्ने जानी आकाश मार्गबाट वाराणसी राजाको राज्योद्यानमा गएर एउटा शिलामा सुवर्ण-मूर्ति झैं बसिराख्नु भएको थियो। माणवक बोधिसत्वको अगाडि पुगे। वन्दना गरेर बसिसकेपछि उहाँसित कुशलक्षेम (सञ्चो विसञ्चो) को कुराकानी गरे। बोधिसत्त्वले मधुरतापूर्वक उत्तर दिई भने–

"माणवक ! यहाँको राजाले राजकाज राम्रोसंग चलाईरहेको छ ?"

"भन्ते ! राजा त धार्मिक नै छ। किन्तु पुरोहितहरूले वहाँलाई अलि नराम्रो बाटोमा लगिराखेका छन्। केही दिन पूर्व राजाले १६ वटा सपनाहरू देखेका थिए। राजाले त्यस सम्वन्धी कुरा पुरोहितहरूलाई सुनाए। उनीहरूले सपनाको कुफलबाट मुक्ति पाउन 'प्राणी हिंसा गरेर यज्ञ गर्नुपर्दछ।' भनी त्यसमा लागिरहनु भएको छ। तपाइँ जस्तो विद्वान ऋषिमुनिहरूले राजाको सपनाको फल सुनाई, भयभीत भइराख्ने सारा अशरण प्राणीहरूलाई मुक्त गरी दिनु उचित होला।"


Downloaded from http://www.dhamma.digital

“माणवक ! म राजालाई राम्ररी चिन्दिन । राजाले पनि मलाई चिन्दैन । यदि राजा यहाँ आएर सपना बारेमा सोधे अवश्य पनि मैले त्यसको फलाफल यथार्थ सुनाइदिनेछु ।”

“त्यसोभए भन्ते ! म राजालाई यहाँ लिएर आउँछु । तपाइँ एकछिन यहिं, बसिराख्नुस् ।” भनी माणवक राजाकहाँ पुगी यसरी बिन्ती चढाए–

“महाराज ! आकाशमा उड्न सक्ने तपश्वी एकजना हजुरको उद्यानमा आइराख्नु भएको छ । उहाँले तपाईंले देख्नु भएको सपनाको अर्थ बताउँछु” भन्नु भएको छ ।

माणवकको कुरा सुनेर राजा त्यतिनैखेर लांवालस्कर सहित त्यस उद्यानमा पुगे । राजाले बोधिसत्वलाई वन्दना गर्दै यसो भने–

“भन्ते ! तपाइँलाई मैले देखेको सपनाको अर्थ थाहा छ ?”

“थाहा छ, महाराज ।”

“त्यसोभएदेखि आज्ञा होस् ।”

“हुन्छ, महाराज ! म सुनाउँछु, तर पहिला तपाइँले कस्तो सपना देख्नु भएको थियो त्योनि भन्नुहोस् ।”

“हवस् भन्ते !” भनी राजाले आफूले देखेको सपनाको कुरा सुनाउँदा शुरूमा यसो भने–


Downloaded from http://www.dhamma.digital

**“उसभा रूक्खा गावियो गवा च**
**अस्सो कंसो सिगालि च कुम्भो**
**पोक्खरणी च अपाक चन्दनं**
**लापूनि सीदन्ति सिला प्लवन्ति**
**मण्डूकियो कण्हसप्पे गिलन्ति**
**काकं सुवण्णा परिवारयन्ति**
**लसावका एलकानं भया हि ।”**

**(बृषभ, बृक्ष, गाई, गोरु, घोडा, सुनको थाल, श्याल, गाग्री, पोखरी, काँचो चन्दन, तुंबा डुब्ने, ढुंगा उत्रने, भ्यागुतोहरूले काला सर्पहरू खाने, राजहाँसहरू कागहरूको पछिपछि लाग्ने बाख्री देखि बाघ तर्सिने ।)**

त्यसपछि राजाले स्वप्नको एउटा-एउटा कुरालाई क्रमैसित यसरी भने–

(१) भन्ते ! पहिलो स्वप्न हो-४ काला साँढेहरू ४ दिशाबाट लड्नको लागि राजदरवारको आँगनमा जम्मा हुन आए । ‘साँढे जुधाई हेर्ने भनेर मानिसहरू पनि त्यहाँ आए । साँढेहरू जुध्नलाई तयार हुँदै,नाद गर्दै आए तर तिनीहरू नलडिकनै फर्केर गए । यो मैल देखेको प्रथम सपना हो । यसको के फल होला ?”

“महाराज ! यस सपनाको फल न तपाइँको समयमा होला, न मेरो समयमानै किन्तु भविष्यमा अधार्मिक तथा


Downloaded from http://www.dhamma.digital

कपटी राजाहरू र अधार्मिक मानिसहरूको पालामा मिल्लान् । भविष्यमा लोक बदलेर जानेछ । त्यसबखत धर्म कम हुन्छ; अधर्म बढ्दछ । लोकको अवनति हुनेछ; वर्षा राम्ररी हुने छैन । बादल छाँतिएर जानेछ; धानको बोट आदि सुकिएर जानेछ । दुर्भिक्ष हुनेछ । त्यस्तो समयमा चारै दिशाबाट पानी पर्ने बेला जस्तो बादलले ढाक्नेछ । आईमाईहरूले सुकाउनलाई राखेको 'धान' भित्र्याउने छन् । घरहरू बनाउनलाई औजारहरू उठाई ज्यामीहरू बाहिर निस्कने बेलामा कतिनै बेस्सरी पानी पर्ने बेला जस्तो गरी बादल गर्जिनेछ, बिजुली चम्कनेछ, परन्तु जुध्नको लागि आएका साँढेहरू फर्केर गए जस्तै ती सबै बादल हटिएर जानेछन्; पानी पर्ने छैन । महाराज, यो यसको फल हो । तपाइँलाई यसबाट केही बिघ्न हुने छैन । यो जुन सपना तपाइँले देख्नु भएको छ, त्यो भविष्य सम्बन्धी छ । पुरोहितहरूले केवल तिनीहरूको जीविकाको निम्ति यज्ञ गर्नुपर्छ भनेका हुन् ।"

यसप्रकारले प्रथम सपनाको अर्थ सुनाई बोधिसत्त्वले "दोस्रो सपनाको कुरा सुनाउनुहोस्" भने । राजाले भने–

(२) "भन्ते ! दोस्रो सपना यस्तो छ-साना-साना रूख तथा बिरूवाहरू पृथ्वीबाट बाहिर निस्की एक हात जति माथि जान नपाउँदै त्यसमा फूलहरू फुले, फलहरू फले । यसको फल के होला ?"

"महाराज ! यसको फल लोकको अवनति हुने


Downloaded from http://www.dhamma.digital

बेलामा मानिसहरूको आयु घट्नेछ । अनागते (भविष्यमा) सत्त्वहरूको राग बढ्नेछ । बैस नपुग्दै केटीहरू केटाहरूसंग लागी बिग्रिने छन् । त्यसरी बिग्रिसकेपछि मात्रै रजस्वला हुनेछ । सन्तानहरू धेरै जन्माउने छन् । साना-साना बोट बिरूवाहरूमा कोपिलाहरू पलाए झैं तिनीहरूका सन्तानहरू हुनेछन् । यसकारणले पनि तपाईँलाई केही हानि हुने छैन । तेस्रो सपनाको कुरा सुनाउनुहोस् ।"

(३) "भन्ते ! जुन दिनमा गाईको जन्म भयो, सोहि दिन बहरहरूले त्यस गाईको दूध पिए । यो तेस्रो सपना हो । यसको के फल होला ?"

"महाराज ! यसको फल पनि अनागतमा आफूभन्दा ठूला-बडाहरूको आदर-सत्कार गर्ने छोडेर ल्याउने बेलामा हुन्छ । अनागतमा मानिसहरू आमा-बुबा र सासु-ससुरदेखि लाज मान्ने छैनन् । आ-आफैले कुटुम्ब पाल्नेछन् । आदर गर्नुपर्नेहरूलाई मन परे अन्न अलिकति दिनेछन् , मन नपरे त्यो पनि दिने छैनन् । बुढाबूढीहरू अनाथ हुनेछन्; पराधीन हुनेछन् । त्यही दिनमा जन्मेको गाईको दूध बहरहरूले पिए जस्तै, वृद्धहरूले केटाकेटीहरूको चाकडी गरेर जीविका गर्नुपर्ने हुन्छ । यसको कारणले पनि तपाईँलाई केही हानि हुनेछैन । चौथो सपनाको कुरा सुनाउनुहोस् ।"

(४) "भन्ते । तान्न सक्ने, बोक्न सक्ने, ठूला गोरूहरूलाई युग परम्परा अनुसार हलो जोत्न नलगाई,


Downloaded from http://www.dhamma.digital

जवान गोरूहरूलाई हलो, जोत्न लगाइयो । उनीहरू तान्न नसकेर त्यसै उभिराखे; जोत्न सकेनन् । यो चौथो सपना हो । यसको फल के होला ?"

"महाराज ! यसको फल पनि अनागतमा, अधार्मिक राजाहरू हुने बेलामा देखिनेछन् । अनागतमा अधार्मिक र कपटी राजाहरूले, पण्डितहरू, परम्परादेखि चल्दै आइराखेका, काम-कुरा सफल पार्ने सामर्थ्य हुनेहरू, बुद्धिवान्हरूलाई यश(राजपद) दिने छैन । धर्मसभा तथा न्यायालयमा पण्डितहरू, व्यवहारमा निपुण भएकाहरू तथा वृद्ध अमात्यहरूलाई राखिने छैन । किन्तु यसको विपरित जवान व्यक्तिहरूलाई यश दिने छन् । तिनीहरू जस्तालाई नै न्यायालयमा राखिनेछन् । उनीहरूले राजकार्य र योग्यायोग्य राम्ररी छुट्याउन नसकी आफ्नो देशको रक्षा गर्न सक्ने छैनन्; न त राजकार्य नै निपुण भएर गर्न सक्नेछन् । उनीहरूले काम-कुरा छोड्ने छन् । वृद्धहरूले पनि यश प्राप्त नहुनाले काम-कुरो राम्ररी गर्न सके पनि, "हामीहरू बाहिरका भइहाल्यौं, भित्रका तरूणहरूले नै गर्ने छन् ।" भनी चुप लागिदिने छन् । यसप्रकारले राजाहरूको सर्वत्र हानी हुने छन् । समर्थ गोरूहरूलाई जोत्न नलगाई कलिला जवान गोरूहरूलाई जोत्न लगाए झैं हुने छन् । यसको कारणले पनि


Downloaded from http://www.dhamma.digital

तपाइँलाई केही हानि हुने छैन। पाँचौ सपनाको कुरा सुनाउनुहोस्।"

(५) "भन्ते ! दुईवटा मुख भएको एउटा घोडालाई दुवैतिरबाट दाना दिइराखेको थियो। उनले दुवै मुखबाट दुवैतिरबाट दाना खाए। यो पाँचौ सपना हो। यसको के फल होला ?"

"महाराज ! यसको फल पनि अनागतमा अधार्मिक राजाहरूको पालामा हुनेछ। अनागतमा अधार्मिक मूर्ख राजाहरूले, अधर्मी र लोभीहरूलाई न्यायाधिश बनाउने छन्। उनीहरूले वादी, प्रतिवादी दुबैतर्फबाट घूस खाने छन्– उनीहरूको दुईवटा मुख भएको घोडाले दुवैतिरबाट खाना खाए झैं। यसको कारणले पनि तपाँईलाई केही हानि हुने छैन। छैठौं सपनाको बारेमा सुनाउनुहोस्।"

(६) "भन्ते ! मानिसहरूले हजार रूपैयाँ मूल्य पर्ने एउटा सुनको थाल सफा हुने गरी पखालेर ल्याएर एउटा बूढो स्याललाई "यसमा मुत।" भनी राखिदिए। स्यालले त्यसमा मुते। यो छैठौं सपना हो यसको फल के होला ?"

"महाराज ! यसको फल पनि अनागतमा हुनेछ। अनागतमा अधर्मी र बेजाति राजाहरूले जातिवान कुलपुत्रहरू-ऊपर शंका राखी उनीहरूलाई यश दिने छैनन्। अकुलीनहरूको वृद्धि गर्ने छन्। यस प्रकारले महान


Downloaded from http://www.dhamma.digital

कुलका व्यक्तिहरूलाई दुर्गति (=विनाश) प्राप्त हुनेछ र नीच कुलका व्यक्तिहरूलाई ऐश्वर्य प्राप्त हुनेछ । महान कुलका मानिसहरूले जीविका गर्न नसकी, "यिनीहरूको आश्रय लिएर जीविका गर्नुपर्‍यो" भनी अकुलीनहरूलाई आफ्ना छोरीहरू दिने छन् । यस रूपले बूढो स्यालले सुनको थालमा मुते झैं, कुलिन, केटीहरू अकुलीन पुरुषसित बस्नेछन् । यसको कारणले पनि तपाइँलाई हानि हुने छैन । सातौं सपनाको कुरा सुनाउनुहोस् ।"

(७) "भन्ते ! एक जना मान्छेले डोरी बाटेर खुट्टामुनि राख्यो । ऊ बसेको पिर्कामुनि एउटा भोकाएको स्याल थियो । त्यसले बाटेको डोरी जति सबै खाइदियो । यो सातौं सपना हो । यसको फल के होला ?"

"महाराज ! यसको फल पनि अनागतमै मिल्नेछ । अनागतमा धेरैजसो स्त्रीहरू पुरूष-लोभी, रक्स्याही, अलंकार-लोभी, घुम्न जानेमा मात्रै मन दिने, वस्तु-प्राप्तितिर मात्रै लाग्ने, दुश्शील एवं दुराचारी हुनेछन् । घरका लोग्ने मान्छेहरूले खेतमा काम गरेर, गाईहरू पालेर मुश्किलले कमाइराखेको धन लिएर स्त्रीहरू परपुरूषसित जाँड, रक्सि खाएर, माला गन्ध विलेपन गरेर मज्जा गरी हिंड्ने हुन्छन् । घरका आवश्यक कामहरूप्रति पनि ध्यानदिने छैनन् । घरको पर्खालमा बसेर भए पनि अरू-अरू ठाउँबाट भए पनि आफ्ना नाठाहरूलाई चियाई रहने छन् । "भोलि खेतमा


Downloaded from http://www.dhamma.digital

छर्नलाई चाहिन्छ" भनी राखेको धान समेत आजै खाई सिध्याउने छन्- पिर्कामुनिको भोको श्यालले डोरी खाए जस्तै। यसको कारणबाट पनि तपाईको केही हानि हुने छैन। आठौं सपनाको कुरा सुनाउनुहोस्।"

(८) "भन्ते! राजद्वारमा धेरै रित्ता घडाहरूको बीचमा एउटा भरेको घडा देखे। त्यहाँ ४ वर्णका मानिसहरूले ४ दिशाहरू र ४ अनुदिशाहरूबाट पानी ल्याएर भरेको घडामा खन्याए। रित्ता घडाहरूलाई कसैले ध्यानसम्म दिएनन्। यो मैले देखेका सपनाहरूमध्ये आठौं हो। यसको फल के होला?"

"महाराज! यसको फल पनि अनागतमै पाउनेछ। त्यस समयमा लोकको अवनति हुनेछ। राष्ट्र सारहीन हुनेछ। राजाहरू गरीब (= कपटी) हुनेछ। ऐश्वर्यशाली व्यक्तिको ढुकुटीमा केवल १ लाख रूपियाँ हुनेछन्। यस प्रकारले गरीब भएर उनीहरूले जनपदका सबै मानिसहरूलाई आ-आफ्ना कामहरू गराउन लगाउने छन्। पीडित जनताहरूले आफ्ना कामहरू छाडेर राजाको काममा लाग्ने छन्। पूर्व अन्न (= आषाढमा छर्नको लागि राखिएको धान) अपर अन्न (=श्रावणमा छर्नको लागि राखिएको धान) उनीहरूले नै छर्ने छन्। पालो बस्ने, धान काट्ने, डाँई गर्ने, ओसार्ने, उखु रोप्ने, यन्त्रहरू बनाउने र चलाउने, चाकु बनाउने आदि काम पनि उनीहरूले नै गर्ने छन्। अन्नहरूले राजाको


Downloaded from http://www.dhamma.digital

भकारी भरी दिनेछन् । आफ्नो घरको रितो भकारी हेर्ने कोही हुने छैनन् । खाली गाग्रोमा नहेरी भरेको गाग्रोमा मात्र नअटाउने गरी पानी हालेको जस्तो हुनेछ । यसको कारणले पनि तपाईको केही हानि हुने छैनन् । नवौं सपनामा के भयो सुनाउनुहोस् ।"

(९) "भन्ते । पाँच प्रकारका कमलहरूले भरिपूर्ण भएको सबैतिर नुहाउने ठाउँहरू (तीर्थहरू) भएको एउटा गम्भीर पोखरी देखें । त्यहाँ दुई खुट्टे, चार खुट्टे पशुहरू आएर चारैतिर बसेर पानी पिइरहे । पोखरीको माझमा भएको खाल्डोमा भने पानी फोहर थियो, तर ती पशुहरूले पानी खाइरहेको ठाउँमा भने पानी सफा थियो । नवौं सपना यही हो । यसको फलको बारेमा भन्नुहोस् ।"

"महाराज ! यसको फल पनि अनागतमा मिल्नेछ । त्यसबखतमा राजाहरू अधर्मी हुने छन्, पक्षपातपूर्ण राज्य चलाउने छन् । धर्मानुसार न्याय-निसाफ गरेको देख्ने छैन । घूस खानेहरू बढ्ने छन् अरूप्रति लोभ गर्नेहरू बढ्ने छन् । राष्ट्रवासीहरूप्रति क्षान्ति, मैत्री, दया भनेको अलिकति पनि हुने छैनन् । निर्दयी एवं कठोर हुनेछ । उखु पेल्ने यन्त्रमा राखेर उखुलाई पेले झैं मानिसहरूलाई पनि अनेक प्रकारका करहरूले पेल्ने छन्, जुन तिर्न उनीहरू असमर्थ हुने छन् । ग्राम निगम छाडी उनीहरू सीमातर्फ बस्न जानेछन्, मध्यम जनपद (=युक्त प्रान्त) शून्य हुनेछ- पोखरीको बीचको


Downloaded from http://www.dhamma.digital

पानी फोहर भएर किनाराको पानी स्वच्छ भए झैं । यसको कारणले पनि तपाईको बिघ्न हुने छैनन् । अब दशौं सपनाको बारेमा भन्नुहोस् ।"

(१०) "भन्ते ! एउटै भाँडोमा पकाएको भात ३ किसिमको हुन गयो । अलग्ग-अलग्ग भाग लगाएर तीन प्रकारले पकाएको जस्तै । एक भाग भात काँचै, अर्को भाग चुरो नमरेको र तेस्रो भाग राम्ररी पाकेको थियो । दशौं सपना यही हो । यसको परिणाम भन्नुहोस् ।

"महाराज ! यसको परिणाम भविष्यमा आउनेछ । भविष्यमा राजाहरू अधर्मी हुनेछन् । राजा अधर्मी हुँदा राजकर्मचारीहरू, ब्राम्ह्णहरू सहित सबै जनताहरू अधर्मी हुने छन् । अनि उनीहरूका रक्षक देवता, बलिग्राहक देवता, वृक्ष देवता तथा आकाशमा बस्ने देवताहरू आदि सकल देवताहरू अधर्मी हुनेछन् । अधर्मी राजाको राज्यमा विषम, कडा हावा चल्नेछ । त्यसकारण आकाशमा उडिराखेको विमानको कम्पन हुनेछ । विमान कम्पन हुँदा त्यसमा बसेका देवताहरू रिसाउने छन्; अनि वर्षा हुने छैनन् । यस्तै प्रकारले जनपद, ग्राम, दह, पोखरीमा वर्षा हुने छैनन् । दहको मास्तिर पानी परे दहको मुनितिर पानी पर्ने छैनन् । कुनै भागमा अति वृष्टिले बाली बिगार्नेछ भने अर्को भागमा सुक्खाले सताउनेछ । कुनै भागमा ठीक वर्षाले बाली सप्रने छ । एउटै राज्यमा तीन प्रकारको


Downloaded from http://www.dhamma.digital

बाली हुनेछ- एउटै भाँडोमा तीन प्रकारको भात बने जस्तै। यसको कारणले तपाइँमाथि केही भय आइपर्ने छैन । एघारौं सपनामा के भयो सुनाउनुहोस् ।

(११) "भन्ते ! एक लाख मोल पर्ने श्रीखण्डको सार, कुहिसकेको महीसित साटिलिए । यो मेरो एघारौं सपना हो यसको फल के हुने हो ?"

"महाराज ! यसको फल भविष्यमा शाक्यमुनि बुद्धको शासन सिद्धिने बेलामा हुनेछ । भविष्यमा प्रत्यय (=वस्तु) लोभी, निर्लज्जी भिक्षुहरू धेरै हुने छन् । उनीहरूले भगवान् बुद्धले जुन उपदेश "वस्तु-लोभ त्याग्नु पर्दछ ।" भनी बताउनु भएको छ त्यही उपदेशलाई चीवरादि वस्तुको आशा लिई अरूलाई बताउने छ । प्रत्ययको आशा नलिई संसारबाट उत्तीर्ण हुने लक्ष लिएर, निर्वाण अगाडि राखी धर्मोपदेश गर्न सक्ने छैनन् । यसको उल्टो "मेरो मधुर स्वरको उपदेश सुनी मानिसहरू मलाई चिवरादि दान दिने छन् ।" भन्ने आशा राखी धर्मोपदेश गर्ने छन् । फेरि कोही भिक्षुहरूले दोबाटो, चौबाटो, राजद्वार वा अरू नै ठाउँमा बसी, कार्षापण, अर्धपाद, मासक र रूपी (यी सबै बुद्धको पालाका रूपियाँ, पैसाहरू हुन् ।) आदिको कारणमा धर्मोपदेश गर्ने छन् । यस प्रकारले भिक्षुहरूले निर्वाण उद्देश्य बनाई बताइराखेको धर्मलाई चतुप्रत्यय र मूल्यको कारणमा आदेश गर्ने छन्- एकलाख मोल पर्ने

Downloaded from http://www.dhamma.digital

चन्दन सार, कुहिसकेको महीसित साटिलिए जस्तै। यसको कारणले तपाइँलाई हानि हुनेछैन। बाह्रौं सपनाको कुरा सुनाउनुहोस्।"

(१२) "भन्ते ! खोक्रो लौका (=टुंबा) नदीमा डुब्यो। यसको फल के होला ?"

"महाराज ! यसको फल पनि पछिका राजाहरू, जो कि अधर्मी हुनेछन्, को पालामा लोक परिवर्तन भएर आउने बेलामा हुन्छ। त्यस समयका राजाहरूले कुलीन पुत्रहरूलाई यश दिने छैनन्, अकुलीनहरूलाई मात्र यश दिनेछन्। यसरी अकुलीन पुत्रहरूलाई ऐश्वर्य प्राप्त भई कुलीन पुत्रहरू दरिद्र हुनेछन्। राजाको अगाडि, राजद्वारमा, अमात्यहरूको अगाडि र न्यायालयमा पनि खोक्रो लौका पानीमा डुबे झैं उनीहरूकै कुरा स्थिर, निश्चल, सुप्रतिष्ठित हुनेछ। संघ सभामा पनि, संघ र गणहरूको कार्यशाला, पात्र, चीवर परिवेणादि सम्बन्धमा र न्याय गर्ने ठाउँमा पनि दुश्शील पापकारीहरूकै मात्र वचन कल्याण ठानी मान्यता दिने छन्। लज्जावान् भिक्षुहरूको वचन कल्याणकारी सम्झने छैनन्। यसप्रकारले सबै ठाउँमा खोक्रो लौका पानीमा डुबे झैं हुनेछ। यसको कारणबाट पनि तपाइँको हानि हुनेछैन। अब तेह्रौं सपनाको बारेमा सुनाउनुहोस्।"

(१३) "भन्ते ! एउटा कोठा जत्रो ढुंगा एउटा, डुंगा झैं पानीमा उत्रिराखयो। यसको फल भन्नुहोस्"


Downloaded from http://www.dhamma.digital

"महाराज ! यसको फल पनि त्यस्तै समयमा आउनेछ । यस समयमा अधर्मी राजाहरूले अकुलीनहरूलाई यश दिने छन् । यिनीहरू ऐश्वर्यशाली हुनेछन् । कुलीन वर्गहरू दरिद्र हुनेछ, औ यिनीहरूप्रति कसैले गौरव राख्ने छैन । राजाको अगाडि अमात्यहरूको अगाडि तथा न्यायालयमा न्याय गर्ने खुबी राख्ने, ठूलो ढुंगा जस्तो समर्थ कुलपुत्रहरूको कुरालाई प्रमाण मानेर प्रतिष्ठित गर्ने छैनन् । यिनीहरूले केही बोले कि ती दुष्टहरूले "के भनिराखेका" होला ?!" भनी हिस्याउने मात्र छन् । भिक्षुहरूको सभामा पनि माथि बताइएका सबै ठाउँहरूमा, शिक्षाकामी शीलवान् भिक्षुहरूलाई गौरव, मान, आदर राख्ने छैनन् । न यिनीहरूको कुरालाई प्रमाण नै मान्ने छन्-मानौं, ठूलो ढुंगा पानीमा उत्रे झैं । यसको कारण तपाइँलाई केही हानि पुग्ने छैन । चौधौं सपनाको बारेमा भन्नुहोस् ।"

(१४) "भन्ते ! घर-माउरी जत्रो भ्यागुताहरूले ठूला ठूला कालसर्पहरूलाई बेगले लखेटेर कमलको डाँठ सरह टुक्रा-टुक्रा पारिदिए । यसको फल के होला ?"

"महाराज ! यसको फल पनि संसारको बिनाश हुने बेलामा हुनेछ । त्यसबेला मानिसहरू सुसाद्धे रोगी हुने छन् । क्लेशको कारणले युवकहरू आ-आफ्ना स्त्रीहरूको वशमा बस्ने छन् । घरका दास कर्मचारी, गाई, भैंसी आदि र सुनचाँदी सबै उनीहरूको अधीनमा हुनेछन् । 'फलानो


Downloaded from http://www.dhamma.digital

सुन-चाँदी, मोती आदि कता छ ?' भनी श्रीमान्ले सोध्दा, "जहाँ भएपनि तिमीलाई केको वास्ता ? मेरो घरमा 'योछ, यो छैन' भनी जान्न आउने भयो हैन तिमी ?" भनी अनेक प्रकारले गालि गरी वचनरूपी वाणले घोची, नोकर-चाकर हरूलाई आफ्नो वशमा लिनेछन्-मानौं, घर-माहुरी जत्रो भ्यागुताहरूका बच्चाहरूले घोर विष हुने कालसर्पहरूलाई निलेर पठाए झैं । यसको कारणले पनि तपाइँको केही भय छैन । पन्ध्रौं स्वप्नको कुरा सुनाउनुहोस् ।"

(१५) "भन्ते ! कञ्चन वर्णको कारणले 'सुवर्ण हाँस' हरूले १० वटा सद्धर्मले युक्त, गाउँमा आहारा खोज्न जाने कागहरूको परिक्रमा गरिराखे ।"

"महाराज ! यसको फल पनि अनागतमा राजाहरू हस्ति आदि शील्पमा दक्ष हुने छैन, युद्ध कलामा विशारद हुने छैन । आफ्नो राज्यमा विपद पर्ने आशंकाले राजाहरूले समान जातिका कुलपुत्रहरूलाई ऐश्वर्य नदिई, आफ्नो खुट्टामुनि बस्ने नाउ । सुचिकारहरूलाई ऐश्वर्य दिने छन् । जाति, गोत्र सम्पन्न कुलपुत्रहरू राजकुलमा प्रतिष्ठा नभई, जीविकाको निम्ति ती ऐश्वर्यवान् जाति, गोत्रहीन अकुलीनहरूको सेवा गर्ने छन् । सुवर्ण हंसहरूले कागहरूलाई घुमिरहे झैं हुनेछ । यसको कारण तपाइँमाथि कुनै भय छैन । सोह्रौं सपनाको कुरा सुनाउनुहोस ।"

(१६) "भन्ते ! बाघहरूले बाख्रीहरूलाई खान्छन्, तर


Downloaded from http://www.dhamma.digital

मेरो सोह्रौं सपनामा मैले बाख्रीहरूले बाघलाई लखेत्दै भेट्टाएर घाँस चपाए झैं चपाएको देखें । अरू बाख्रा, भेडाहरू त्यो दृश्यदेखि तर्सिएर बाक्ला झाडीहरूमा लुक्न गए । यो सोह्रौं सपना हो । यसको फल के होला ?"

"महाराज ! यसको फल पनि भविष्यमा अधर्मी राजाहरूको पालामा मिल्नेछ । त्यस समयमा अकुलीन राजपुरूषहरू ऐश्वर्यशाली हुनेछन् । कुलीन मानिसहरू अप्रसिद्ध एवं दरिद्र हुनेछन् । राजपुरूषहरू राजालाई कुरा सुनाई विश्वासी बनिराख्ने छन्; न्यायालय आदि स्थानहरूमा पनि आफ्नो शक्ति मजबूत पारिराख्ने छन् । कुलीन मानिसहरूको परम्परादेखि चल्दै आइरहेको खेत, बाली, घर आदि वस्तु "हाम्रो हो" भनी अभियोग गरी झगडा उठाउने छन् । वस्तुका धनी कुलीनहरू आई, "यो तिमीहरूको होइन, हाम्रो हो" भनी न्यायालयमा आई वादविवाद गर्ने बेला बेतको लठ्ठिले पिट्न लगाई, घाँटी समातेर निकाल्न लगाई "तिमीहरूलाई आ-आफ्नो प्रमाण थाहा छैन र ? जान्ने भएर हामीसित लड्न आउँछौ, अहिले नै राजाकहाँ उजुर गरी हात-खुट्टा भाँच्न लगाउँला !" भनी तर्साउने छन् । यसबाट तर्सी उनीहरू "लिनुहोस्, तपाइँहरूकै हो ।" भनी आफ्ना वस्तुहरू छाडी भयभीत हुँदै घर फर्कने छन् । पापी भिक्षुहरूले पनि शीलवान् भिक्षुहरूलाई मनमा आएजस्तै सताउने छन् । शीलवान् भिक्षुहरूलाई बस्ने ठाउँ कतैपनि हुने


Downloaded from http://www.dhamma.digital

छैनन्, उनीहरू जंगलमा गई बाक्लो झाडीभित्र पस्नेछन् । यस्तो प्रकारले हीन जातिहरूद्वारा र पापी भिक्षुहरूद्वारा पीडित भई बस्ने कुलपुत्रहरू तथा शिक्षाकर्मी भिक्षुहरू, बाख्रीको डरले बाघ, भालु इत्यादि भागेजस्तै भाग्नेछन् । यसको कारणले पनि तपाइँलाई केही हानी हुने छैन । यी सबै सपनाहरू भविष्य सम्बन्धी छन् ।

"महाराज ! पुरोहित ब्राह्मणहरूले तपाइँलाई जुन हिंसा गर्नुपर्ने 'यज्ञ गर्नुपर्छ' भने त्यो केवल "धेरै पैसा आउँछ" भन्ने आशाले र आफ्नो जीवनोपायको कारणले मात्र भनेका हुन्; सत्य ज्ञानले विचार गरेर भनेका होइनन् । न त तपाइँऊपर स्नेह राखीनै भनेका हुन् । यो सपनाको फल सबै अहिले नभै भविष्यमा आउनेछ । यज्ञादि हिंसा-कर्म गर्नुपर्ने छैन । किनभने-यस सपनाको फल लोक परिवर्तन भएर आउने बखत, अकारणलाई कारण, कारणलाई अकारण, अभूतलाई भूत, भूत (=सत्य) लाई अभूत (=असत्य) भन्ने बखतमा, अलज्जीहरू धेरै भएर आउने बखतमा हुनेछ । न नपाइँको समय, न मेरो समय, न त यस वर्तमान मनुष्य युगमा यसको फल आउने छ । त्यसैले महाराज ! जुन तपाइँले सपनाको दोष हटाई पठाउँछु भनी यज्ञ कर्मको तयारी गर्न लगाउनुभयो, त्यस कार्य उल्टो भएको छ; त्यसको रोक लगाउनुहोस् । कुनै प्राणीको प्राण लिएर अरू कसैको भलो हुनेछैन । शान्तिको खातिर त्यस कार्य गर्नु


Downloaded from http://www.dhamma.digital

कुनै औचित्य छैन । सपनाको कारण तपाइँमाथि कुनै भय उत्पन्न हुनेछैन ।”

यसप्रकार बोधिसत्वले राजालाई आश्वासन दिई बन्धनमा परेका प्राणीहरूलाई मुक्त गरी, आकाशमा रही “महाराज ! अबदेखि पुरोहितहरूको कुरा सुनी हिंसा गरी यज्ञपट्टि नलाग्नुहोस्” भनी धर्मोपदेश गरे । राजालाई पंचशीलमा प्रतिष्ठित गरी बोधिसत्व आकाश मार्गबाटै आफ्नो स्थानमा फर्के ।

राजाले पनि पञ्चशीलको पालना गरी, दानादि पुण्य कार्य गरी, यथाकर्म परलोक गए ।

यसरी समन्त भद्रले कोशल नरेशलाई १६ वटा सपनाहरूको परिणाम कुरा सुनाई, त्यस महास्वप्न सम्बन्धी केही भय लिनु पर्दैन भनी सान्त्वना दिई, मरणभयले त्रसित सबै अशरण प्राणीहरूलाई अभय दान दिई, पूरै देशमा शान्तिको हावा चलाउँदै, यज्ञको रोक लगाउँदै, वर्तमान घटनासित अतीतका कुरा जोड्दै त्यस समय राजा भइराख्ने अहिलेका आनन्द हुन्, माणवक सारिपुत्र हुन् तथा तपश्वी भैराख्ने ‘मै हूँ’ भनी उपदेशमालाको अन्त्य गर्नुभयो । भगवान्को कुराद्वारा सबैलाई आनन्द प्राप्त भयो ।

॥ सिद्धिरस्तु ॥

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# नेपाल भाषामा प्रकाशित पुस्तकहरू

१) यःम्ह म्ह्याय् (उपन्यास) न्हापांगु
२) मैत्री भावना
३) प्रेमं छु ज्वी ?
४) त्रिरत्न गुण स्मरण
५) त्रिरत्न-गुण स्मरण (द्वि.सं.)
६) कर्तव्य (प्र सं)
७) मिखा
८) परित्राण (प्र.सं.)
९) हृदय परिवर्तन
१०) न्हापांयाम्ह गुरु सु ?
११) बुद्धया अन्तिम यात्रा, भाग-१
१२) बुद्धया अन्तिम यात्रा, भाग-२
१३) बौद्ध ध्यान
१४) कर्म
१५) बौद्ध प्रश्नोत्तर (प्र.सं.)
१६) प्रार्थना संग्रह (ते.सं.)
१७) बाखँ, भाग-१
१८) बोधिसत्व
१९) अनत्त लक्खण सुत्त (द्वि.सं.)
२०) शाक्यमुनि बुद्ध
२१) मत्ति भिंसा गति भिनी
२२) बाखँ, भाग-२
२३) धम्मचक्कप्पवत्तन सुत्त (प्र.सं.)
२४) बाखँ, भाग-३
२५) लक्ष्मी द्यो
२६) महास्वप्न जातक (द्वि.सं.)
२७) अभिधर्म, भाग-२ (प्र.सं.)
२८) क्षान्ति व मैत्री (प्रथमावृत्ति)
२९) जातक बाखँ
३०) बाखँया फल, भाग-२
३१) राहुलयात तथागतया उपदेश
३२) बाखँ, भाग-२ (द्वि.सं)
३३) प्रार्थना संग्रह (चौथौ प्र.)
३४) प्रौढ बौद्ध कथा (प्र.सं.)
३५) बुद्धया अर्थनीति (द्वि.सं)
३६) श्रमण नारद (प्र.सं.)
३७) मूर्खम्ह पासा मज्यू
३८) उखानया बाखँ पुचः (प्र.सं.)
३९) पालि भाषा अवतरण, भाग-१ (प्र.सं.)
४०) ललितविस्तर (द्वि.सं.)
४१) न्हापांयाम्ह गुरु सु ? (द्वि.सं)
४२) पालि प्रवेश, भाग-१
४३) चमत्कार
४४) मणिचूड जातक (द्वि.सं)
४५) महाजनक जातक
४६) गृही विनय ? (च.सं.)
४७) राहुलयात तथागतया उपदेश (द्वि.सं)
४८) बाखँ, भाग-४ (प्र.सं.)
४९) चरित्र पुचः
५०) अभिधर्म (चित्त काण्ड छगूया संक्षिप्त परिचय) (प्र.सं.)
५१) परित्राण (द्वि.सं.)
५२) सप्तरत्न धन (प्र.सं.)
५३) महा-सतिपट्ठान सूत्र
५४) शान्तिया त्वाथः (द्वि.सं)
५५) चरित्र पुचः, भाग-२
५६) बुद्ध व शिक्षा (क) (प्र.सं.)
५७) बौद्ध ध्यान, भाग-२
५८) जातकमाला, प्रथम भाग (तृ सं.)
५९) विश्व धर्म प्रचार देशना, भाग-२
६०) लुम्बिनी विपस्सना
६१) विश्व धर्म प्रचार देशना, भाग-१
६२) योगीया चिठी (प्र.सं.)
६३) संक्षिप्त बुद्ध जीवनी (चतुर्थ सं.)
६४) जातक बाखँ (द्वि.सं)
६५) बुद्ध-धर्म (द्वि.सं.)
६६) मिखा (द्वि.सं.)
६७) पालि प्रवेश, भाग-१,२
६८) सर्वज्ञ, भाग-१
६९) जातकमाला, भाग-२ (तृ.सं.)
७०) जप पाठ व ध्यान
७१) किसा गौतमी (प्र.स)
७२) धम्मपद (श्लोकवद्ध भावानुवाद) (द्वि.सं)
७३) धर्म मसीनि
७४) तेमिय जातक
७५) वम्मिक सुत्त
७६) मध्यम मार्ग
७७) त्रिरत्न गुण लुमंके (द्वि.सं.)
७८) सर्वज्ञ, भाग-२
७९) दान
८०) बाखँ, भाग-५
८१) भिम्ह म्ह्याय् व काय्
८२) भिक्षु जीवन
८३) महानारद जातक
८४) विवेक-बुद्धि
८५) समथ व विपस्सना संक्षिप्त भावना विधि
८६) भिंम्ह मचा
८७) बुद्धपूजा विधि (प्र.सं)
८८) स्वास्थ्य लाभ
८९) शिक्षा, भाग-१ (प्र.सं.)
९०) दृष्टि व तृष्णा ल्यहें थनेगु उपदेश
९१) भ्रंगः लाइम्ह लाखे (किपा हना बाखँ)
९२) विपस्सना ध्यान

Downloaded from http://www.dhamma.digital

# नेपाल भाषामा प्रकाशित पुस्तकहरू

९३) शिक्षा, भाग-२ (प्रथमावृत्ति)
९४) सतिपट्ठानभावना (प्र.सं.)
९५) त्रिरत्न वन्दना
९६) गौतम बुद्ध (द्वि.सं)
९७) बाखँ, भाग-६
९८) नेपालय् २५ दँ जिगु लुमन्ति
९९) धम्मचक्कप्पवत्तन सुत्त (द्वि.सं.)
१००) शिक्षा, भाग-३ (प्र.सं.)
१०१) शिक्षा, भाग-४ (प्र.सं.)
१०२) बुद्ध व शिक्षा (ख)
१०३) धम्मपद व्याख्या, भाग-१ (प्र.सं.)
१०४) धम्मपदया बाखँ (प्र.सं.)
१०५) त्रिरत्न वन्दना व सूत्र पुचः (प्रथमावृत्ति)
१०६) विशेष बौद्ध
१०७) त्रिरत्न वन्दना व पञ्चशीलया फलाफल (छैठौं सं.)
१०८) अभिधर्म, प्रथम भाग (द्वि.सं.)
१०९) संसारया स्वापू (प्र सं.)
११०) परित्त सुत्त (प्र.सं.)
१११) धम्मपद (मूल पालि सहित नेपाल भाषाय् अनुवाद) (पाँ.सं.)
११२) बौद्ध नैतिक शिक्षा, भाग-१
११३) त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
११४) आदर्श बौद्ध महिलापिं (द्वि.सं.)
११५) वेस्सन्तर जातक (तृतीयावृत्ति)
११६) दीर्घायु जुइमा
११७) त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायके
११८) न्हूगु त्रिरत्न वन्दना व धम्मपद
११९) निर्वाण (रचना संग्रह)
१२०) मनूतयगुपहः (प्र.सं.)
१२१) कर्तव्य (द्वि.सं)
१२२) महास्वप्न जातक (द्वि.सं)
१२३) संस्कृति (प्र.सं.)
१२४) श्रमण नारद (द्वि.सं)
१२५) बुद्धया करुणा व ब्रह्मदण्ड (प्र.सं.)
१२६) विशेषं म्हं मफइबले पाठ यायेगु परित्राण (प्र.सं.)
१२७) विरकुशया बाखँ
१२८) त्रिरत्न वन्दना व परित्राण (सं.)
१२९) कर्म व कर्मफल
१३०) शिक्षा, भाग-५
१३१) पट्ठान पालि (प्रथम भाग)
१३२) धर्मया ज्ञान, भाग-२
१३३) संक्षिप्त बुद्धवंश (प्रथम भाग) (प्र.सं.)
१३४) संक्षिप्त बुद्धवंश (दोश्रो भाग) (प्र.सं.)
१३५) अभिधर्म, भाग-२ (द्वि.सं.)
१३६) कर्म (द्वि.सं.)
१३७) न्हापांयाम्ह गुरु सु ? (द्वि.सं.)
१३८) अनत्त लक्खण सुत्त (दि.सं.)
१३९) अभिधर्म पालि (प्र.सं.)
१४०) बुद्ध पूजा, धम्मपद व ज्ञानमाला (प्र.स.)
१४१) त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
१४२) धम्मचक्कप्पवत्तन सुत्त (तृ.सं.)
१४३) बुद्ध वन्दना विधि व बुद्धया भिंनिगू विपाक
१४४) मनूतय्गुपह (द्वि.सं.)
१४५) प्रौढ बौद्ध कथा (द्वि.सं.)
१४६) न्हापायाम्ह गुरु सु ? व अमूल्य धन
१४७) बौद्ध स्तुती पुचः
१४८) तिरतन वन्दना परित्त सुत्त (तेहौं सं.)
१४९) सूत्र पुचः (प्र.सं.)
१५०) त्रिरत्न वन्दना व परित्राण (च.सं.)
१५१) शाक्यमुनि बुद्ध (दि.सं.)
१५२) तृष्णा (द्वि.सं.)
१५३) त्रिरत्न वन्दना व परित्राण (तृ.सं.)
१५४) त्रिरत्न वन्दना व परित्राण (तृ.सं.)
१५५) सीवली (प्र.सं.)
१५६) अनागत वंश
१५७) सच्च विभङ्ग सुत्त
१५८) त्रिरत्न गुण लुमंके
१५९) मनू तयेगु पहः व प्रेमं छु ज्वी ?
१६०) अभिधर्म पालि (दो.सं.)
१६१) त्रिरत्न-गुण स्मरण (द्वि.सं.)
१६२) धर्मकीर्ति ज्ञानमाला भजन म्ये मुना (न्हापांगु संस्करण)
१६३) धर्मकीर्ति ज्ञानमाला भजन म्ये मुना (निक्वःगु संस्करण)
१६४) महा-सतिपट्ठान सूत्र (द्वि.सं.)
१६५) त्रिरत्न वन्दना व परित्राण (चौ.सं.)
१६६) गुरु दक्षिणा (प्र.सं.)
१६७) अभिधर्म (न्हूगु संस्करण)
१६८) श्रेष्ठ पवित्र श्रोतापन्न (दि.सं.)
१६९) धर्मकीर्तिया लुखाँ
१७०) नुगः दुने धम्मवती
१७१) तिरतन वन्दना परित्त सुत्त मेमेगु अर्थ सहित पट्ठान पालि गाथा
१७२) नेपालय् दो गुणवती गुरुमां
१७३) बुद्धपूजा, परित्राण पाठ व बुद्ध शिक्षा
१७४) परित्राण (मूल पालि व निदान लिसें अर्थ नापं)
१७५) धम्मवती गुरुमांया च्वसां

## अंग्रेजी भाषामा प्रकाशित पुस्तकहरू

**Dharmakirti Publication English**

1) Buddhist Economics and The Modern World
2) Dharmakirti Vihar Today
3) Dharmakirti Vihar
4) "Dhammakirti in a Nutshell"
5) Dhamma and Dhammawati
6) Paritta Suttas
7) The Life of Tathagata
8) Daw Gunawati Guruma in Nepal

Downloaded from http://www.dhamma.digital